पूर्वाधार विकास मन्त्रालय
# यातायात व्यवस्था विभाग
मीनभवन, काठमाण्डौं।

४४७४७६८(महानिर्देशक)
४४७४७६७(निर्देशक प्र.)
४४७४९२२ (फ्याक्स)
Email: trans@dotm.gov.np
Website : www.dotm.gov.np

नेपाल सरकार पूर्वाधार विकास मन्त्रालय यातायात व्यवस्था विभाग मीनभवन, काठमाडौं

पत्र संख्याः २०८२/०८३
चलानी नः प्रा.६७१

मितिः २०८३।०६।०७

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, बिराटनगर, मोरङ
श्री श्रम तथा यातायात मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा
श्री उद्योग,पर्यटन,श्रम तथा यातायात मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर
श्री भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश, पोखरा
श्री आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी)
श्री भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत
श्री भौतिक पुर्वाधार विकास मन्त्रालय, सुदूर-पश्चिम प्रदेश, धनगढी, कैलाली

**विषयः सार्वजनिक सवारी साधनको बाटो इजाजत तथा यातायात सन्चालन सम्बन्धमा ।**

उपरोक्त विषयमा देशमा संघीयता लागू भइसकेपछि यातायात सम्वन्धि कार्यहरुको कार्यक्षेत्र अनुरुप आफ्नै प्रदेशभित्र प्रस्थान विन्दु र गन्तव्य विन्दु भएको सार्वजनिक सवारीको बाटो इजाजत पत्र सम्बन्धित प्रदेशस्थित यातायात कार्यालयहरुले साथै प्रस्थान विन्दु र गन्तब्य विन्दु फरक फरक प्रदेशमा भएको अवस्थामा यातायात व्यवस्था विभाग अन्तर्गतका सवारी परीक्षण कार्यालयहरु (VFTCs) र सवारी परीक्षण कार्यालय नभएको प्रदेशमा यातायात व्यवस्था विभागले तोकिदिएको प्रादेशिक कार्यालयले मात्र बाटो इजाजत पत्र जारी गर्न पाउने प्रावधान रहेको छ।

बाटो इजाजत पत्र प्रदान गर्दा यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०७४ अनुरूप अन्य व्यवस्थाका अतिरिक्त तपसिलका व्यवस्थाहरु रहेका छन् ।

पूर्वाधार विकास मन्त्रालय
यातायात व्यवस्था विभाग
मीनभवन, काठमाण्डौ।

४४७४७६८(महानिर्देशक)
४४७४७६७(निर्देशक प्र.)
४४७४९२२ (फ्याक्स)
Email: trans@dotm.gov.np
Website : www.dotm.gov.np

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
यातायात व्यवस्था विभाग
...भवन, काठमाडौं

१) जीप प्रकृतिका ८ सिट देखि १४ सिट सम्मको सवारी साधनहरु ( जस्तै टाटा सुमो, महिन्द्रा बोलेरो आदि )लाई २५० कि.मी. भित्रको रुटमा मात्र बाटो इजाजत प्रदान गर्ने ।

२) माइक्रो-बसको हकमा ३००कि.मी. भित्र को रुटको लागि मात्र वाटो इजाजत पत्र प्रदान गर्नुपर्ने ।

३) प्रत्येक सार्वजनिक सवारी साधनहरुलाई छ-छ महिनामा प्राविधिक जाँचपास र प्रदुषण चेकजाँच अनिवार्य रुपमा गर्नुपर्ने ।

४) सवारी परिक्षण कार्यालयहरुबाट रात्री सेवा कायम भएको भनी बाटो इजाजत पत्रमा उल्लेख भएको सार्वजनिक सवारीहरु मात्र रात्री सेवामा सन्चालन हुन पाउने ।

५) सवारी परिक्षण कार्यालयहरुद्वारा कायम भइ बाटो इजाजत पत्रमा उल्लेख भएको साधारण रात्री, डिलक्स र सुपर डिलक्स यात्रुवाहक सार्वजनिक सवारी साधनहरुलाई मात्र मान्यता दिने र सोही अनुरुप बिभागले तोकेको अधिकतम भाडा लागू हुने ।

६) बाटो इजाजत पुस्तिकामा अनधिकृत व्यक्तिहरुले ओभरराइट गर्ने, आफुखुशी थपघट गर्ने प्रवृत्ति देखिएकोले यस्तो गैरकानुनी कार्य तुरुन्त बन्द गर्नुपर्ने ।

७) बाटो इजाजत पत्रमा अनिवार्य रुपमा दिउँसो मात्र चल्ने भए दिवा सेवा मात्र र रात्री कायम भएको भए रात्रि सेवा भनेर उल्लेख गर्ने ।

८) निजी (रातो प्लेट) चार पाङ्ग्रे सवारी साधनहरुलाई सार्वजनिक सवारी साधनको रुपमा प्रयोग गर्न निरुत्साहित गर्ने ।

माथि उल्लेखित भएका प्रावधानहरु पालना नभएको भनी पटक-पटक गुनासोहरु आएको हुँदा सो सम्बन्धि यस विभाग र अन्य सम्बन्धित निकायहरुको गम्भीर ध्यानाकर्षण भएको र सो सम्बन्धी सुक्ष्म रूपमा निगरानी भइरहेकोले सम्बन्धित सबैलाई समयमै सचेत भई कार्य गर्नु हुन जानकारीको लागि अनुरोध गरिएको

फोन ४४७४९२१ (एक्सचेन्ज)
४४७४७६८ (महानिर्देशक)
४४७४७६७ (निर्देशक प्र.)
४४७४९२२ (फ्याक्स)
Email: trans@dotm.gov.np
Website : www.dotm.gov.np

# पूर्वाधार विकास मन्त्रालय
# यातायात व्यवस्था विभाग

मीनभवन, काठमाण्डौं।

नेपाल सरकार पूर्वाधार विकास मन्त्रालय यातायात व्यवस्था विभाग मीनभवन, काठमाडौं

छ र यदि कसैले प्रचलित व्यवस्थाहरु विपरित कार्य गरेको/गराइएको पाइएमा प्रचलित कानून अनुसार कडा कारवाही हुने व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि अनुरोध छ।

०८२।०६।०६

मणि राम भुसाल
(निर्देशक)

<u>बोधार्थ</u>

श्री राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन महाशाखा, महाराजगन्ज, काठमाण्डौं

श्री काठमाण्डौ उपत्यका ट्राफिक प्रहरी कार्यालय, काठमाण्डौं

श्री सवारी परिक्षण कार्यालयहरु, सबै

श्री नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ, बालकुमारी, ललितपुर